श्री

# कञ्चनपुर जिल्ला अदालत

## कंचनपुर

प्रशासन शाखा

फोन नं.: ०९९-५२२६०६
ईमेलः
info.dckanchanpur@supremecourt.gov.np

च.नं
प.सं. ०७८/०७९

### कञ्चनपुर जिल्ला अदालतवाट जारी भएको सूचना।

### सूचना जारी मितिः २०७८।१०।१०

कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्ट ओमिक्रोन लगायतका बिभिन्न भेरियन्टका कारण उत्पन्न विषम् र असहज परिस्थिति उत्पन्न भई अदालतमा कार्यरत जनशक्तिमा संक्रमण देखिएको सन्दर्भमा अदालतको कार्य प्रकृतिअनुसार अदालतमा हुने उपस्थिति र भिडभाडलाई आवश्यक व्यवस्थापन गरी सेवाग्राही, अदालतमा कार्यरत जनशक्ति, कानून व्यवसायी एवम् अदालतमा आउने अन्य सरोकारवालाहरुको स्वास्थ्य , सुरक्षा र रोग संक्रमणको जोखिम न्यूनीकरण गर्न अत्यावश्यक भएको हुँदा सुनुवाईका कार्यहरु व्यवस्थित ढङ्गले सीमित संख्यामा संचालन गर्न उपयुक्त देखिएकोले यस अदालतको अदालत व्यवस्थापन समितिको मिति २०७८।१०।१० गतेको बैठकबाट मिति २०७८।१०।११ गतेदेखि मिति २०७८।१०।१८ गतेसम्म देहाय बमोजिम सेवा प्रवाहमा सिमीतता गर्ने गरी निर्णय भएको बेहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

१.बन्दीप्रत्यक्षीकरण सम्बन्धी रिट तथा निषेधाज्ञा निवेदन दर्ता र सुनुवाई गर्ने।
२.हदम्याद अन्तिम रहेका फिरादपत्र तथा म्याद अन्तिम रहेका प्रतिउत्तरपत्र
३.म्याद थप, पक्राउ पुर्जी जारी गर्न अनुमति प्रदान, जरुरी पक्राउ पुर्जि स्वीकृत, CDR अनुमति प्रदान।
४.अभियोगपत्र दर्ता, बयान र थुनछेक आदेश सम्बन्धि सुनुवाई।
५.घरेलु हिंसा मुद्दामा अन्तरिम संरक्षात्मक आदेश माग भएका मुद्दाको फिरादपत्र दर्ता र सुनुवाई।
६.मिलापत्र, मुद्दा फिर्ता, डिसमिस, तामेली रहने मुद्दाको सुनुवाई
७.थुनुवा प्रतिवादी रहेका सरकारवादी फौजदारी मुद्दाहरुको सुनुवाई
८.कसूर ठहर भएका मुद्दाहरुमा सजाय निर्धारण सम्बन्धी सुनुवाई।
९.मुलुकी फौजदारी कार्यविधि संहिता, २००७४ को दफा १५५ अनुसारका निवेदन
१०. मुलुकी फौजदारी कार्यविधि संहिता, २००७४ को दफा ७३ बमोजिमका निवेदन
११. दायरी फाँटमा दर्ता भएका सम्पति रोक्का निवेदन।
१२. फैसला कार्यान्वयनसँग सम्बन्धित थुनुवा/कैदीका निवेदन।

२०७८।१०।१०

जयन्ती अवस्थी भट्ट
श्रेस्तेदार(उपसचिव)